# स्वावलम्बन Self-reliance

शहरी गरीवहरूको लागि समाज (सुप) द्वारा प्रकाशित

1992 SOUP

वर्ष १४ अंक १९ वि.सं. २०७२ भाद्र/ने.सं. ११३५/ई.सं. : २०१५


## "सुप" सहयोगी सदस्य परिचय



अनिल कुमार रञ्जितकार

पहिलो पटक "सुप"संगको परिचय २०६४ सालमा "सुप" का कर्मचारी राजेश्वरी सिं दिदी मार्फत् भएको हो । "सुप"को गतिविधिबारे जान्ने इच्छा भएकै कारण एक दिन कुपण्डोल अफिस पुगे र जानकारी लिए । "सुप"ले गर्दै आईरहेको कामहरू प्रति म प्रभावित भएँ र सहयोगी सदस्यको रूपमा यस संस्थालाई सानो सहयोगको शुरुवात् गरें । सकारात्मक सोचका साथ जुनसुकै काम गरे पनि सहज र सरल तरिकाले सम्पन्न गर्न सकिन्छ भन्ने सिकाई यस संस्थाबाट मैले पाएको छु । मैले आठ वर्षको अन्तरालमा "सुप"मा देखेको कुरा हो, पूर्ण आत्मविश्वासका साथ विभिन्न सेवामूखि कामहरू अति आवश्यक समुदायहरूमा दिदै आईरहेको, साथै विदेशी सहयोगी संस्थाहरूको मात्र भर नगरी आफ्नै स्थानीय श्रोतको परिचालन भईरहेको, र संस्थालाई पूर्ण सक्षम बनाउन आफ्नै भवन तयार भईसकेको, जस्ता कुराहरू यस संस्थाको महत्त्वपूर्ण उपलब्धिको रूपमा मैले लिएको छु । "सुप" संस्थाबाट संचालित बालशिक्षा गृह, महिला समूहहरूको बचत तथा ऋण कार्यक्रम, जैविक कृषि पाठशाला, विपन्न जेहेन्दार विद्यार्थीहरूका लागि छात्रवृत्ति कार्यक्रमले महिला तथा बालबालिकाहरूलाई उत्साहजनक सहयोग पुगेको मैले महशूस गरेको छु । भोलिका दिनमा उल्लेखित सेवामूखि कामहरू यस संस्थाले अन्य क्षेत्रहरूमा पनि विस्तार गर्न सकोस् र यस्ता उपलब्धिमूलक कामका लागि सम्पूर्ण सहयोगी सदस्यहरूको सधै साथ रहने छ । मेरो तर्फबाट पहिले जस्तै सहयोगी सदस्य बनाउने काममा पनि सहयोग पाउनु हुने नै छ भन्दै सम्पूर्ण कार्य समितिका सदस्यहरूमा काम गर्ने जोस् जाँगर र उर्जा बढोस् भन्ने शुभ-कामनाका साथ हार्दिक धन्यवाद !



करुणा स्थापित

म करुणा स्थापित, यस "सुप" संस्थामा विगत २०६३ सालबाट सहयोगी सदस्यको रूपमा प्रवेश गरी "सुप"ले गर्दै आईरहेको छात्रवृत्ति कार्यमा सानो सहयोग गर्न पाउनु मेरो लागि गौरवको कुरा हो । यस किसिमको सहयोग गर्ने मौका प्रदान गर्न पाउनुको श्रेय मेरो सानो छँदाको साथी यसै संस्थाका संरक्षक गुजेश्वरी श्रेष्ठलाई दिन चाहन्छु । हामी दुबै काठमाण्डौको लगन गो फल टोलमा हुर्केका बाल्यकालका साथीहरू हौं । यस "सुप" संस्थाको जानकारी पनि गुजेश्वरीबाट नै पाएको हो र जानकारी पाएपछि आफूलाई पनि केही सानो भएपनि सहयोग गर्न पाएँ हुन्थ्यो भन्ने मनमा आयो र सहयोग आरम्भ गरे । सहयोगी सदस्य भएपछि यो संस्थाको गतिविधिलाई अझ नजिकबाट जान्ने मौका पाए र मैले निम्न कुराहरू महशूस गरेकी छु ः

- यो संस्था निर्मल र निश्चल मानवसेवामूखि संस्था हो
- यस संस्थामा गुजेश्वरी लगायत सम्पूर्ण सदस्यहरूको लगन र मेहेनतबाट नै हामीले "सुप"लाई गौरवमय संस्थाको रूपमा चिन्ने मौका पाएका छौं ।
- "सुप" जस्तो निस्वार्थ संस्था मुलुकको लागि थोरै भएपनि यसमा आवद्ध भएर सहयोग गर्न पाउनु मेरो लागि ठूलो भाग्य हो ।
- शुरुमा म मात्र सहयोगी सदस्य भएर सहयोग गर्दै आएकोमा संस्थाको कामबाट प्रभावित भएर हाल मेरो परिवारबाट ४ जना सदस्यहरू सहयोगी सदस्य भएका छन् ।
- यस संस्थाले गर्दै आईरहेको कामले मलाई सकारात्मक प्रभाव पारेको छ अतः म रहुन्जेल आफूले सकेको यस संस्थालाई निरन्तर सहयोग गरिनै रहनेछु साथै मैले चिनेका साथीहरूलाई पनि सहयोगी सदस्य बनाउन प्रेरित गर्नेछु ।
- यो बुलेटिन पढ्नु हुने महानुभावहरूलाई पनि आफ्नो कमाईको सानो भाग सर्मपन गरी "सुप" संस्थाको सेवा कार्यमा लगाउन अनुरोध समेत गर्दछु ।
- संस्थाले अझ धेरै, अझ प्रभावकारी, अझ सेवामूखी, र राम्रा कामहरू गर्दै लैजान सकोस् अझै उन्नति होस् मेरो यही मंगलमय शुभ-कामना छ ।

## पहिलो पटक ईटालीयन नागरिक "सुप"को होमस्टेमा

"सुप"को कोषवृद्धि योजना अन्तरगत संचालित होमस्टे कार्यक्रममा पहिलो पटक ईटालीयन नागरिक श्री सिलिन ग्यालेन सहभागी भएको थियो । तीन दिनका लागि होमस्टेमा आएकी सिलिन नेपाली संस्कृतिसंग परिचित हुन पाउँदा आफू निकै खुशी भएको बताउनु हुन्छ । होटेल र घरको वातावरण निकै फरक रहेको साथै नेपाली खाना बनाउन सिक्ने अवसर पाउनुका साथै नेवारी भोजमा सरिक हुनु नै सिलिनको लागि होमस्टेको रोचक पक्ष रहेको थियो ।

## सहयोगी सदस्य र छात्रवृत्ति

सदा झैं यस वर्ष (आ.व.२०७२/७३) पनि आर्थिक अवस्था कमजोर भएका अभिभावकहरूको बालबालिकाहरूले यस संस्थाबाट ९३ जना छात्रा र ५५ जना छात्र गरी १४८ जनाले छात्रवृत्ति प्राप्त गरी आफ्नो पढाईमा निरन्तरता दिन सक्षम भएका छन् भने धनको हिसावले ठिकै भएपनि मनको साह्रै धनी र उद्धार सहयोगी सदस्यहरूद्वारा पढाउन सफल भएका छन् । छात्रवृत्ति प्राप्त विद्यार्थीहरूले एस.एल.सी प्रवेशिका परीक्षामा सम्मिलित सबैले अहिलेसम्म परीक्षामा सफल हुनु नै यो कार्यक्रमको सफल उदाहरण हो ।

गत वर्ष (आ.व. २०७१/७२) जम्मा ११७ जना विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिएकोमा १४ जना एस.एल.सी परीक्षामा सम्मिलित भएका थिए। उक्त एस.एल.सी. परीक्षा दिएकाहरू मध्ये ४ जना विशिष्ट श्रेणी, ९ जना प्रथम श्रेणी र १ जना द्वितीय श्रेणीमा उर्त्तिण भएका छन् ।

सहयोगी सदस्यले कुनै उपकारी काममा गरेको सहयोगको सही सदुपयोग हुँदा सहयोग गर्ने व्यक्तिलाई अपार आनन्द प्राप्त हुनु र सहयोगी हातहरू यस कार्यमा बढ्दै जानु हामीले स्वभाविक ठानेका छौं । यस कार्यलाई स्थिरता प्रदान गरी रहनु नै "सुप"को जिम्मेवारी र दायित्त्व हो तर "सुप"को एकल प्रयासबाट मात्र यो कार्य सम्भव भएको होइन। यसका लागि विद्यार्थीहरूको लगनशीलता, सहयोगी सदस्यको उद्धार मन र "सुप"को प्रभावकारी अनुगमन जस्ता त्रिकोणात्मक समझदारीबाट नै हिलोको माझ कमल फुलाउन सम्भव भएको हो भन्ने हामीलाई लागेको छ। यस किसिमको पवित्र काममा यहाँहरूको सेवाभाव अविरल बगिरहोस् यही सम्पूर्ण सहयोगी सदस्यहरूलाई हाम्रो शुभ-कामना छ।

**"सुप" संस्थाद्वारा प्रदान गरिदै आएको छात्रवृत्ति कार्यक्रम अन्तर्गत २०७१ सालको (S.L.C) प्रवेशिका परीक्षामा उत्तिर्ण हुनुभएका छात्र-छात्राहरूलाई**

## हार्दिक बधाई !



सुदिप चौलागाई
विशिष्ट श्रेणी,
श्री सरस्वती निकेतन मा.वि., वन्दे, काठमाडौं
(सहयोग - स्यान्डिनाभियन हेल्प डेनमार्क)



शुशीला श्रेष्ठ
विशिष्ट श्रेणी,
नील बाराही उ.मा.वि, टंकेश्वर, काठमाडौं
(सहयोग - कोर इन्टरनेशनल)



सुनिता श्रेष्ठ
विशिष्ट श्रेणी,
श्री सरस्वती निकेतन मा.वि., वन्दे, काठमाडौं
(सहयोगी सदस्य- धर्मचन्द्र थापा)



प्रदिप आचार्य
विशिष्ट श्रेणी,
श्री प्रगति उ.मा.वि., हेटौंडा
(सहयोगी सदस्य- मन्जु सिं राणा)



सोनीका श्रेष्ठ
प्रथम श्रेणी,
त्रिपद्म विद्याश्रम उ. मा.वि., ललितपुर
(सहयोग - स्यान्डिनाभियन हेल्प डेनमार्क)



सुनिल लामा
प्रथम श्रेणी,
कुलेश्वर मा.वि., कुलेश्वर, काठमाडौं
(सहयोग - स्यान्डिनाभियन हेल्प डेनमार्क)



सुमन मर्हजन
प्रथम श्रेणी,
श्री सरस्वती निकेतन मा.वि., वन्दे, काठमाडौं
(सहयोग - स्यान्डिनाभियन हेल्प डेनमार्क)



लक्ष्मी खतिवडा
प्रथम श्रेणी,
कुलेश्वर मा.वि., कुलेश्वर, काठमाडौं
(सहयोग - कोर इन्टरनेशनल)



कविता श्रेष्ठ
प्रथम श्रेणी,
श्री सरस्वती निकेतन मा.वि., वन्दे, काठमाडौं
(सहयोग - स्यान्डिनाभियन हेल्प डेनमार्क)



शर्मिला भण्डारी
प्रथम श्रेणी,
कुलेश्वर मा.वि., कुलेश्वर, काठमाडौं
(सहयोग - कोर इन्टरनेशनल)



अमृता खतिवडा
प्रथम श्रेणी,
नील बाराही उ.मा.वि, टंकेश्वर, काठमाडौं
(सहयोग - कोर इन्टरनेशनल)



सुष्मा मर्हजन
प्रथम श्रेणी,
श्री सरस्वती निकेतन मा.वि., वन्दे, काठमाडौं
(सहयोग - WHF friends of Children)



पुजा गौतम
प्रथम श्रेणी,
नील बाराही उ.मा.वि, टंकेश्वर, काठमाडौं
(सहयोग - कोर इन्टरनेशनल)



सिद्धार्थ नगरकोटी
द्वितीय श्रेणी,
श्री सरस्वती निकेतन मा.वि., वन्दे, काठमाडौं
(सहयोगी सदस्य- कमल फुयाल)

# “सुप” बालशिक्षा गृह विस्तार

जो कोही बालक विद्यालय जानुबाट बञ्चित नहोस् भन्ने उद्देश्य राखि विद्यालय जाने उमेर पुगेका तर विद्यालयमा पहुँच नपुगेका बालबालिकाहरूकोलागि अनौपचारिक बाल कक्षा विगत ९ वर्ष देखि कालिमाटीमा, ३ वर्ष देखि जडिबुटीमा संचालन गर्दै आएकोमा यस आ.व. २०७१।०७२ देखि त्रिपुरेश्वर वंशीघाटमा पनि संचालन गरिएको छ। भ्वाईस अफ चिल्डेनको सिफरिसमा एक वर्षसम्म कोठा भाँडा उपलब्ध गराउने भएपछि “सुप”ले यस कार्यलाई कोर इन्टरनेशनलको साझेदारीमा संचालनमा ल्याएको हो । हाल २०७२ सालमा ३ वटा बालशिक्षा गृहमा गरि जम्मा ६८ जना बालबालिकाहरू अध्ययनरत छन् । बसाईँ सराईँ गरी आएका व्यक्तिहरूका छोराछोरीहरू लक्षित गर्ने भएकोले पढ्न आउने बालबालिकाहरूको संख्यामा उतार चढाब भइरहने गर्दछ। “सुप”कालागि यो कार्य संचालन गर्दा आई पर्ने प्रमुख चुनौति भन्नु नै यही हो । बालशिक्षा गृहबाट हालसम्म जम्मा ३४९ जना बालबालिकाहरूले पढ्न पाएका छन् भने वर्षेनी ३० देखि ४० जना विद्यार्थीहरू विद्यालय भर्ना हुने गरेका छन ।




















## थप साझेदारी संस्थाको रूपमा INCLUDED

गत आर्थिक वर्ष २०७१/७२ मा विभिन्न स्थानबाट बसाईं-सराईं भई आएका शहरी गरीब महिलाहरूलाई आफ्नो आय आर्जन कार्यमा सहयोग होस् भन्ने हेतुले काममा आवद्ध महिलाहरूको बच्चाहरूलाई हेरचाह गरी बच्चाहरूको आमालाई काम गर्न जाने अवसर प्रदान गर्न वि.सं. २०७१ साल पौष १ गतेदेखि INCLUDED को सहयोगमा २ वर्ष देखि ५ वर्षसम्मका बालबालिकाहरूको लागि दिनमा ३ पटक पौष्टिक आहारका साथै विभिन्न बौद्धिक विकासका क्रियाकलापहरू विहान १०:०० बजेदेखि ५:०० बजेसम्म राख्ने गरि शिशु स्याहार केन्द्र संचालन गरिएको छ । यस शिशु स्याहार केन्द्रमा जम्मा ४४ जना बालबालिकाहरू सम्मिलित छन् । जसमध्ये १४ जना








बालबालिकाहरू बैशाख महिनादेखि विद्यालय भर्ना भई सकेका छन् भने हाल ३० जना बालबालिकाहरू नियमित छन् । जसबाट ३० जना आमाहरूले काम गर्ने मौका पाउनुको साथै उनीहरूको आय आम्दानीमा वृद्धि भएको छ ।

साथै विद्यालयमा नियमित गईरहेका विद्यार्थीहरूको लागि विद्यालयका कक्षा पश्चात २ घण्टाको लागि जम्मा ३० जना विद्यार्थीहरूका लागि विद्यालय सहयोगी (ASP) कक्षा संचालनकालागि पनि INCLUDED ले सन् २०१४ सेप्टेम्ब महिनादेखि सहयोग उपलब्ध गराउँदै आईरहको छ । यस कार्यक्रमबाट विद्याथीहरूको बौद्धिक विकासका साथै बानी व्यहोरामा समेत परिवर्तन भै विद्यालयमा नियमित जाने गरेको पाइएको छ ।



## विभिन्न तालिमहरू सम्पन्न



सदा झै यस वर्ष पनि “सुप” संस्थाको आयोजनामा फरक फरक मितिमा विभिन्न किसिमका तालिमहरू तथा अनुशिक्षण कार्यक्रमहरू संचालन गरियो । संस्थाका आफ्नो कोष बृद्धि योजना अर्न्तगत ३ वटा आत्मवोध तथा तनाव व्यवस्थापन तालिम स-शुल्क संचालन गरिएको थियो भने ६ वटा तालिमहरू कोर ईन्टरनेशनलको साझेदारीमा नाम्चे महिला समूह र ESPA का पदाधिकारी तथा कर्मचारीहरूलाई नेतृत्व विकास तथा क्षमता अभिवृद्धि क्रमशः ३ र २ दिने तालिम संचालन सम्पन्न गरियो भने भूकम्प पश्चात् डरत्रासमा परेका समुदायका सदस्यहरूको लागि मनो सामाजिक पुर्नस्थापना तथा आघात न्यूनीकरण अनुशिक्षण तालिम काठमाण्डौको लगन र पिगँननी, ललितपुरको धालाछेँ, श्रीबहाल र ख्वायवहिलका महिला समूहका सदस्यहरूलाई सफलतापूर्वक प्रदान गरियो । उक्त कार्यक्रमबाट जम्मा २७० जना सदस्यहरू लाभान्वित भएका छन् ।

# व्यवसायिक कृषि उद्यमीहरूको लागि थप जैविक कृषि तालिम

शहरी गरीबहरूको लागि समाज (SOUP) को आयोजनामा कोर इन्टरनेशनलको सहयोगमा महिलाहरूलाई आय आर्जनमा सक्षम बनाउने उद्देश्यले शहरी क्षेत्रमा पहिलेदेखि कृषिमा निर्भर भई आएका महिला दिदी बहिनीहरूलाई थप जैविक कृषि तालिम प्रदान गरि विषादी रहित तरकारी उत्पादनको लागि घरेलु जैविक विषादी बनाउने तरिका र विऊ राखेदेखि बाली नभित्रिएसम्म तरकारी बालीमा देखिने रोगकिराहरू पहिचान गरि कसरी शत्रुजीवहरूलाई व्यवस्थापन गरी वातावरण मैत्री कृषिबाली लगाउने भन्ने सम्बन्धमा यस वर्ष दुईवटा छुट्टाछुट्टै ठाउँमा गरि जम्मा ६२ जना व्यवसायिक कृषि उद्यमीहरूलाई जैविक कृषि तालिम प्रदान गरियो। जस अन्तरगत पुरुषहरूको पनि सहभागिता थियो।

यस तालिमबाट कृषकहरूले कम लगानीबाट धैरै उत्पादन गरी विषादीयुक्त स्वस्थ्य तरकारी विक्री वितरणबाट वातावरण स्वच्छ हुनुको साथसाथै पहिले भन्दा बढी आम्दानी गर्न सफल हुनु भएको छ।



## शहरी गरीबहरूको लागि समाज (SOUP)

सानेपा, साँचल-२, ललितपुर

### आ.ब. ०७१।७२ को वासलात बिवरण

| पूजी तथा दायित्व | यस वर्ष | गत वर्ष | सम्पती | यस वर्ष | गत वर्ष |
|---|---|---|---|---|---|
| सदस्य पूँजी कोष | ३४,२२०।०० | ३४,२२०।०० | स्थायी सम्पत्ति | ४९,५९,८८२।१७ | ४८,६९,७३३।८८ |
| गत बर्षको अल्या | ३१,१४,४९२।५७ | २९,०५,१७५।७६ | अन्य सम्पति | ४९,०००।०० | ३१,०००।०० |
| यस बर्षको | ५,००,४४५।७६ | २,०९,३१६।८१ | नगद तथा बैक मौज्दात | २३,६७,१२२।८४ | १७,५२,४७३।७६ |
| भुक्तानी बाँकी | १,१६,५५७।६१ | ४२,५००।०० | | | |
| भवन निर्माण कोष | ३६,१०,२८९।०७ | ३४,६१,९९५।०७ | | | |
| | ७३,७६,००५।०१ | ६६,५३,२०७।६४ | | ७३,७६,००५।०१ | ६६,५३,२०७।६४ |

| विद्यालक्ष्मी मानन्धर | श्रीकृष्ण महर्जन | महेन्द्र शाक्य | उकुलाल महर्जन |
|---|---|---|---|
| कार्यक्रम व्यवस्थापक | कोषाध्यक्ष | अध्यक्ष | लेखा परीक्षक |

Registered Auditor-B Class UKU & Associates Lalitpur

# वि.सं. २०७२ साल बैशाख १२ र २९ गते गएको विनासकारी भूकम्पबाट प्रभावित महिला समूहका सदस्यहरूलाई राहत सहयोग प्रदान

वि.सं. २०७२ बैशाख १२ र २९ गतेको विनासकारी भूकम्पबाट क्षति पुऱ्याएका, "सुप"को कार्य क्षेत्र काठमाण्डौ, कीर्तिपुर र ललितपुरका महिला समूहका सदस्यहरूको घर परिवारलाई आकस्मिक तथा अस्थाई आवासको लागि राहत सामाग्री सहयोग प्रदान गरियो। उक्त सहयोग जुटाउन "सुप" को पहलमा "सुप" सदस्यहरू, "सुप" सहयोगी सदस्यहरू साथै शुभ-चिन्तकहरूमा अपिल गरियो र केही रकम जुटाउन सफल भयो। यसरी जुटेको रकमबाट अस्थाई घर बनाउन जस्तापाता, टेकुवा सामाग्री र घर भत्की बस्न नै नहुनेहरूका लागि २ महिना सम्मको घरभाँडा राहत सहयोग उपलब्ध गराईयो। यस आपतकालिन कार्यमा सहयोग गर्नुहुने सम्पूर्ण संस्था तथा महानुभावहरूमा "सुप" संस्था हार्दिक आभार प्रकट गर्दछ। यसरी सहयोग गर्नु हुने सहयोगी सदस्यहरूको नामावली उल्लेख गरिएको छ।

| सहयोगी सदस्यहरू | सहयोग प्राप्त नगद तथा जिन्सी सामान |
|---|---|
| कोर इन्टरनेशनल | ५४ बन्दल जस्तापाता |
| | ५० वटा त्रिपाल |
| साप्लानिर | खाद्यान्न राहत सामाग्री |
| Coliation group | ४० वटा त्रिपाल |
| The salvation Army | १२ वटा त्रिपाल |
| "सुप" सदस्य तथा कर्मचारीहरू | रु. ४४,३०४।- |
| मायूमोल्सन प्राईमरी विद्यालय | रु. ८८,८००।- |
| टाम्पाबे नेपाली समुदाय | रु. १००,७३२।- |
| सहयोगी सदस्य | रु. १००८३१।६१ |
| ईन्क्लूडेड | रु. १००,०००।- |
| **जम्मा** | रु. ४३४,६६७।६१ |



**"सुप"को कार्यक्षेत्र भित्र पर्ने समुदायहरूमा २०७२ बैशाख १२ र २९ गते गएको विनासकारी भूकम्पबाट क्षति पुगेको स्थानको विस्तृत अध्ययन पछि तल उल्लेखित स्थानहरूमा छुट्टाछुट्टै किसिमबाट राहत सहयोग प्रदान गरियो।**

| क्र. सं. | राहत सहयोग | घर धुरी | स्थान |
|---|---|---|---|
| १ | खाद्यान्न राहत सामाग्रीको पोका | १५० | कीर्तिपुर वडा नं.१५, क्वार |
| | त्रिपाल | १० | |
| | जस्तापाता १/१ बण्डल | १७ | |
| २ | खाद्यान्न राहत सामाग्रीको पोका | ८५ | कीर्तिपुर वडा नं.१५, कार्की गाउँ |
| | त्रिपाल | ८ | |
| | जस्तापाता १/१ बण्डल | १६ | |
| ३ | खाद्यान्न राहत सामाग्रीको पोका | ७५ | कीर्तिपुर वडा नं.१५, नेपाल गाउँ |
| | जस्तापाता १/१ बण्डल | २० | |
| ४ | खाद्यान्न राहत सामाग्रीको पोका | ३० | कीर्तिपुर वडा नं.७ तामाङ्ग गाउँ |
| | त्रिपाल | ३० | |
| ५ | खाद्यान्न राहत सामाग्रीको पोका | १९ | तारकेश्वर नगरपालिका वडा नं.३, साङ्ला |
| | त्रिपाल | ३० | |
| ६ | त्रिपाल | १० | कालिमाटी, बल्खु |
| ७ | त्रिपाल | ३० | कीर्तिपुर वडा नं.१२, भत्केपाटी |
| ८ | जस्तापाता १/१ बण्डल | १८ | कीर्तिपुर वडा नं.१४, चोभार |
| ९ | जस्तापाता १/१ बण्डल | ५ | ललितपुर वडा नं.२, सानेपा र काठमाडौं वडा नं. २१ गोफल |
| १० | टेका, घरभाडा, जस्तापाता, | २३ | धालाछें, ललितपुर |
| ११ | छात्रवृत्ति सहयोग | १० जना | काठमाडौं, ललितपुर र कीर्तिपुर |
| १२ | मनोसामाजिक परामर्श तथा आघात न्यूनीकरण कार्यक्रम | ६ स्थान | काठमाडौं, ललितपुर |


## जागरण महिला समूहको छोटो परिचय





वि.सं. २०६३ सालमा ९ जना महिलाहरू जम्मा भई "सुप"को सहजीकरणमा शुरु भएको जागरण महिला समूह वि.सं. २०७२ साल असारसम्म आई पुग्दा ३३० जना सदस्य पुगेको छ । आफ्नो व्यवसायको आम्दानी अनुसार दैनिक बचत गर्ने यस समूहमा अहिले सम्ममा रु २०,६७,६७६।- (बीस लाख सठ्साठ्ठी हजार छ सय छयत्तर) जम्मा भईसकेको छ । बचत रकमबाट सदस्यहरूले ऋणलिई आफ्नो व्यवसायलाई बढाउँदै लगेका छन् । शुरुमा सानो व्यवसायबाट विस्तार गर्दै हाल आएर केही सदस्यहरू थोक विक्रेतासम्म भईसकेका छन् । विशेष गरी यस समूहका सदस्यहरूले तरकारी भाग लगाई बेच्ने, सानो चिया, खाजा पसल, दुध बेच्ने, फलफूल बच्ने व्यवसाय गर्छन् भने कोही भारी बोक्ने, लुगा धुने काम पनि गर्छन् । कालीमाटी, बल्खु र टेकू आसपास छरिएर बसेका यी सदस्यहरू आफ्नो व्यवसाय पनि सोही स्थानमा गर्छन् । आफ्नै समूहबाट रु.५०,०००।- सम्म ऋण प्राप्त गर्न सक्ने भएकोले आफ्नो व्यवसायलाई विस्तार गर्न सरल भएको छ काम गर्न चाहने सदस्यहरूको लागि । अहिले सम्ममा धेरै सदस्यहरूले आफ्नो व्यवसाय विस्तार गरी आय आर्जन राम्रो बनाएका छन् । शुरुमा आफनो बालबालिकाहरूलाई विद्यालय पठाउन नसकेर "सुप"को छात्रवृत्ति मार्फत् सरकारी विद्यालय पठाईरहेका ५८ जना अभिभावकहरूले अहिले आफ्नै खर्चमा विद्यालयमा पढाउन सफल भएका छन् । यसरी महिला सदस्यहरूले जागरण महिला समूहलाई आफ्नो आय आर्जनको आधार तयार गरिदिने थलोको रूपमा लिएका छन् ।

## हार्दिक श्रद्धाञ्जली



**तारा लाल मास्के**

जन्म मिति:
वि.सं. १९९७ कार्तिक १६ गते

स्वर्गारोहण मिति :
वि.सं. २०७२ असार १८ गते

("सुप" संचालक समितिको सदस्य - अञ्जना मास्केको बुवा)



**राम वदन शुक्ल**

जन्म मिति:
वि.सं. १९८८ भाद्र २६ गते

स्वर्गारोहण मिति :
वि.सं. २०७२ भाद्र ५ गते

("सुप" कर्मचारी - अन्जु शुक्लको आमा)

दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।
साथै यस दु:खद घडीमा शोकाकुल परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

"सुप" परिवार

## हार्दिक कृतज्ञता

"सुप" संस्थाको बारेमा केही लेख्न बस्दा शुरवात कहाँबाट गरौं भनि एकछिन म घोरिएँ। मेरो आफ्नै बाल्यकालबाट गरौं वा मैले अध्यापन गर्ने विद्यालयमा यस संस्थाले दिएका योगदानहरूबाट गरौं एकछिन अल्मलिएँ। समाज सेवा भनेको के हो ? भन्ने थाहा नै नपाउँदा देखि "सुप" संस्थाका संस्थापक श्री गुजेश्वरी दिदीको पछि लागेर प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा "सुप" संस्थाले गर्ने गरेका विभिन्न सामाजिक कार्यहरूमा मैले पनि भाग लिने अवसर पाएको थिए। यसले मेरो नेतृत्व क्षमताको विकासमा महत्त्वपूर्ण भूमिका निभाएको छ। यसको लागि म गुजेश्वरी दिदी र "सुप" संस्था प्रति आभार व्यक्त गर्न चाहन्छु। त्यस्तै सरस्वती निकेतन मा. वि मा बिगत १० वर्षदेखि गरीव तथा जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्दै आउनुभएकोमा पनि तपाईंहरूलाई धैरै-धैरै धन्यवाद दिन चाहन्छु। हाल आएर विभिन्न रोगबाट ग्रसित तर आर्थिक स्थिति कमजोरका कारण उपचार गर्न नसकेका बालबालिकाहरूलाई पनि त्यस संस्थाबाट सहयोगका हात अघि बढाउनुले सुनमा सुगन्ध थपेको महशुस भएको छ। यसै क्रममा यस विद्यालयको कक्षा ३ मा अध्ययनरत शर्मिला तामाङ्गलाई आगोले पोलेर शरीरको पछाडीको पुरै भाग जलेको अवस्थामा उसको उपचारमा यस संस्थाले रु. २०,००० (बीसहजार मात्र) सहयोग गरी सो बालिकाको नयाँ जीवन दिनु भएको थियो भने हालसालै यस विद्यालयमा कक्षा २ मा अध्ययनरत रोहन भण्डारीको दायाँ हात भाँचिदा अपरेसन र प्लास्टरमा लागेको सम्पूर्ण खर्च रु १६,१९५।- (सोह्र हजार एकसय पन्चानब्बे मात्र) को व्यवस्था मिलाई दिनु भएकोमा म स्वयं र विद्यालय परिवारको तर्फबाट हृदयदेखि नै कृतज्ञता व्यक्त गर्न चाहन्छु। यसरी शिक्षा, स्वास्थ्य जस्ता मानव जीवनका आधारभूत आवश्यकताहरू सम्बोधन हुने गरी अघि बढिरहेका यहाँहरूको पाइला कहिले नथाकुन बरु अझ द्रुत गतिमा अघि बढोस् भन्ने कामना गर्दछु।



रविना महर्जन



मिति २०७२ साउन २१ गते विहीवार जिल्ला स्तरिय सल्लाहकार समन्वय बैठक DPAC काठमाण्डौ जिल्ला विकास अधिकारी श्री तिर्थराज भटट्राईको अध्यक्षतामा सम्पन्न गरियो ।

## DPAC बैठक सम्पन्न

INCLUDED संगको साझेदारीमा भएका कामहरूको समिक्षा गर्नु र भविष्यमा प्रभावकारी समन्वय गरी काम गर्न आवश्यक सुझाव संकलन गर्नु नै यो बैठकको मुख्य उद्देश्य थियो। बैठकमा सहायक प्रमुख जिल्ला प्रशासन अधिकारी शरद कुमार पोखरेल, सामाजिक विकास अधिकृत दिपक के.सी, कामपा वडा नं ३५ का प्रशासकीय प्रमुख सरीता राई, INCLUDED राष्ट्रिय निर्देशक प्रकाश अमात्य, संस्थाका प्रतिनिधिहरू र "सुप"को अध्यक्ष महेन्द्र शाक्य लगायत प्रतिनिधिहरूले यस बैठकमा भाग लिनु भएको थियो।

## प्रगति विवरण प्रस्तुत तथा समन्वयात्मक बैठक सम्पन्न

मिति २०७२ असार २० गते "सुप"को आयोजनामा हालसम्मको प्रगति विवरण प्रस्तुतीकरण सहित समन्वयात्मक बैठक सम्पन्न गरियो। "सुप"को समन्वय तथा सहकार्यमा काम गरिरहेका संस्थाहरू तथा सम्बन्धित स्थानीय सरकारी संस्थाहरूलाई आमन्त्रण गरी उक्त बैठक आयोजना गरिएकोमा बालबालिका तथा महिला मन्त्रालयका प्रतिनिधि, काठमाण्डौ महानगरपालिका समाज कल्याण विभागका प्रतिनिधि, वडा कार्यालयका प्रतिनिधि लगायत "सुप"संग आवद्ध विद्यालयहरूका प्रतिनिधिहरूले यस बैठकमा सहभागी भएका थिए। यस्तैगरी "सुप"को कार्यक्षेत्रमा कार्यरत संस्थाहरूको पनि उपस्थिति थियो। विभिन्न स्थानका विभिन्न प्रतिनिधिहरूले आ-आफ्नो क्षेत्रबाट "सुप"को काम



अझ प्रभावकारी बनाउन सुझावहरू दिदै निकट भविष्यमा पनि सहकार्यलाई निरन्तरता दिई रहने बताए। यस बैठकमा "सुप"को वर्ष भरि गरेका कामहरूको प्रगति तथा प्रभावको बारेमा जानकारी गराएको थियो भने संघ संस्थाबाट आउनुभएका महानुभावहरूले पनि आफनो संस्थाले गर्दै आएका कामहरूको बारेमा छोटो जानकारी गराएका थिए।



## "सुप" श्रोत केन्द्र भवन निर्माण सम्पन्न

"सुप" श्रोत केन्द्र भवन निमार्णकालागि समाजसेवी दाता श्रीमती गणेश कुमारी अमात्यज्यूबाट वि.सं. २०६६ साल भदौ २० गते "सुप"को १७ औं साधारण सभामा शिलान्यास गरी निर्माण कार्य शुरु भई वि.सं. २०७२ भदौसम्म आई पुग्दा सम्पूर्ण निमार्ण कार्य पूर्ण रूपमा सम्पन्न भएको छ। "सुप"को २३ औं वार्षिक साधारण सभामा शिलापत्र अनावरण गर्ने काम समेत सम्पन्न भएको छ।

"सुप" प्रति श्रद्धाभाव राखी विभिन्न प्रकारले सहयोग पुऱ्याउनु हुने, प्रेरणादायी सर्म्पूण "सुप" सहयोगी दाताहरूमा सहयोगको उच्च मूल्यांकन गर्दै "सुप" परिवार हार्दिक कृतज्ञता र धन्यवाद ज्ञापन गर्दछ । भवन निमार्णका लागि जम्मा १५३ जना सहयोगी महानुभावहरूबाट जम्मा रू. ३५,८१,२९२.८६ (पैतिस लाख एकासी हजार दुई सय बयान्नब्बे रूपैयाँ छयासी पैसामात्र) नगद सहयोग र ५ जनाले जिन्सी सामान प्रदान गर्नु हुने महानुभावहरूको नामावली निम्न अनुसार छन् :

| क्र.सं. | सहयोगी दाताहरूको नाम | प्राप्त रकम रु. |
|---|---|---|
| १ | शहरी गरीबहरूको लागि समाज | १,०१८,२६१.६२ |
| २ | गणेश कुमारी अमात्य, कुलेश्वर | ५५१,८००.०० |
| ३ | गुजेश्वरी श्रेष्ठ, गोफल | २३६,०११.०० |
| ४ | माँ पुचः , गोफल | १९५,७३९.०० |
| ५ | पूर्ण बहादुर महर्जन, धालाछेँ | ९१,५४६.०० |
| ६ | नाम उल्लेख गर्न नचाहेको | ८५,०००.०० |
| ७ | जयश्वरी श्रेष्ठ, गोफल | ६८,१८९.०० |
| ८ | मासाको तानाका/इची सादामात्सु, जापान | ५४,७५०.०० |
| ९ | अजय क्रान्ति शाक्य, लगनटोल | ५१,०००.०० |
| १० | विद्यालक्ष्मी मानन्धर, टेकू | ४४,७९५.०० |
| ११ | महेन्द्र शाक्य, ख्वावहिल | ३८,९३०.०० |
| १२ | इन्द्रभक्त मानन्धर, भैसिपाटी | ३५,०००.०० |
| १३ | साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड, कालिमाटी | ३५,०००.०० |
| १४ | भूषण सागर श्रेष्ठ, भटापोल | ३०,०००.०० |
| १५ | रामजी दंगाल (शिशिर), सिन्धुपाल्चोक | २७,७९५.०० |
| १६ | कमल तिवारी, पानी पोखरी | २७,५५०.०० |
| १७ | ज्ञानबज्र महर्जन, कीर्तिपुर | २५,५००.०० |
| १८ | का.म.पा. २१ वडा कार्यजालो | २४,४५०.०० |
| १९ | रघुराम श्रेष्ठ/सुधा श्रेष्ठ, गोफल | २२,०००.०० |
| २० | लजली बज्राचार्य, वटु मुवहाल | २०,०००.०० |
| २१ | स्व. सानुमैयाँ मानन्धर, टेकू | १९,००१.०० |
| २२ | विजया लक्ष्मी राजवैद्य, टेकू | १८,६६०.०० |
| २३ | श्रीकृष्ण महर्जन, सानेपा | १६,१३२.४१ |
| २४ | सानुमैंया श्रेष्ठ, गोफल | १५,१००.०० |
| २५ | ज्योतिका श्रेष्ठ, गोफल | १५,०५५.०० |
| २६ | आज्जु बचत तथा ऋण सहकारी संस्था लि., धालाछेँ | १५,०००.०० |
| २७ | स्क्यान्डिनाभियन हेल्प, डेनमार्क | १५,०००.०० |
| २८ | करुणा / सुनिल स्थापित, टेबहाल | १५,०००.०० |
| २९ | जानकी खड्का, कलंकी | १४,२५३.०० |
| ३० | राजेश्वरी सिं, असन | १४,०००.०० |
| ३१ | लक्ष्मी कुमारी श्रेष्ठ, हेटौडा | १४,४००.०० |
| ३२ | उकुलाल महर्जन, ग्वार्को | १३,७००.०० |
| ३३ | स्व.प्रेम मान स्थापित, टेबहाल | १३,०००.०० |
| ३४ | सविना शाक्य, महापाल | १२,५५०.०० |
| ३५ | अमृतलाल श्रेष्ठ, नःबहाल | १२,५५०.०० |
| ३६ | रत्नशोभा चित्रकार, बालकुमारी | १२,२८४.०० |
| ३७ | विजय मल्ल, ताहाचल | १२,०४३.०० |
| ३८ | लजना मानन्धर, ताहाचल | १२,०००.०० |
| ३९ | बिना महर्जन, धालाछेँ | ११,१११.०० |
| ४० | हरिदेवी रञ्जीतकार, टेकू | ११,१११.०० |
| ४१ | प्रफुल्ल मान सिं प्रधान, पुल्चोक | ११,१११.०० |
| ४२ | बलराम महर्जन, दुपाट | १०,६४३.०० |
| ४३ | रञ्जु शुक्ल, हात्तिवन | १०,६३८.०० |
| ४४ | इन्द्रमुनि शाक्य, नःबहाल | १०,५५५.०० |
| ४५ | राजेन्द्र कुमार/लक्ष्मी वैद्य, कुलेश्वर | १०,१०१.०० |
| ४६ | धुलिखेल भिलेज रिसोर्ट, धुलिखेल | १०,१०१.०० |

| | | |
|---|---|---|
| ४७ | स्व. आपुलाल महर्जन /लक्ष्मीमाया, लुखुशी | १०,१००.०० |
| ४८ | महेन्द्र देसाई, इण्डिया | १०,१००.०० |
| ४९ | गाम्चा जागरण महिला समूह, गाम्चा | १०,०००.०० |
| ५० | स्व. कृष्णदेवी रञ्जीत, ज्याःवहाल | १०,०००.०० |
| ५१ | सेवा श्रेष्ठ, यंगाल | १०,०००.०० |
| ५२ | पुण्यराज बज्राचार्य, भिन्छेवहाल | १०,०००.०० |
| ५३ | कुलभक्त शाक्य, त वहाल, लगन | १०,०००.०० |
| ५४ | बुद्धिनारायण/राममाया महर्जन, खिचापोखरी | १०,०००.०० |
| ५५ | स्व. पुष्प लक्ष्मी रञ्जीत, ज्याःवहाल | १०,०००.०० |
| ५६ | नेमवीर शाक्य, नःबहाल | १०,०००.०० |
| ५७ | मञ्जु सिंह राणा, धुम्बाराही | १०,०००.०० |
| ५८ | सजना अमात्य, कुलेश्वर | १०,०००.०० |
| ५९ | कल्पना पाण्डे, कालोपुल | १०,०००.०० |
| ६० | रेश्मा महर्जन, धालाछें | १०,०००.०० |
| ६१ | रत्न दास मानन्धर, कुलेश्वर | १०,०००.०० |
| ६२ | मोतिलाल / शोभा पाण्डे, कोटेश्वर | १०,०००.०० |
| ६३ | हितैषी कल्याण कोष, श्रीबाहाल | १०,०००.०० |
| ६४ | सविना महर्जन, मिखाबहाल | ९,५५५.०० |
| ६५ | सानुमैयां महर्जन, स्वयम्भू | ९,५५५.०० |
| ६६ | एन्जीला गृच, जर्मन | ८,९००.०० |
| ६७ | रुमिको सुगा, जापान | ८,८७०.०० |
| ६८ | श्री पचली भैरव भजन संचालन कोष समिति | ८,०००.०० |
| ६९ | मार्क केन्जर | ७,३२५.०० |
| ७० | रश्मी शाक्य, कालिमाटी | ७,०७७.०० |
| ७१ | सुधा श्रेष्ठ, टेकू | ७,००१.०० |
| ७२ | मिश्री माया महर्जन, कीर्तिपुर | ७,०००.०० |
| ७३ | चन्द्रकृष्ण महर्जन, दुपात | ६,१४९.०० |
| ७४ | बुद्धलक्ष्मी महर्जन, कीर्तिपुर | ६,०००.०० |
| ७५ | गोपालकृष्ण श्रेष्ठ, टेकू | ५,५५६.०० |
| ७६ | रुक्मणी लाखें, मंगलबजार | ५,५५५.५५ |
| ७७ | सरस्वती श्रेष्ठ, टेकू | ५,५५५.५५ |
| ७८ | धनेश्वरी श्रेष्ठ, कोटेश्वर | ५,५५५.५५ |
| ७९ | लुजः बचत तथा ऋण सहकारी संस्था लि. | ५,५५५.०० |
| ८० | ध्रुव बहादुर भुजेल, हेटौंडा | ५,५५५.०० |
| ८१ | स्व. इन्द्र बहादुर श्रेष्ठ, गोफल | ५,५००.०० |
| ८२ | पुण्यवती जोशी, कालिमाटी | ५,२५०.०० |
| ८३ | लक्ष्मीनानी श्रेष्ठ, नरदेवी | ५,२५०.०० |
| ८४ | अनिल मान महर्जन, कायगुननी | ५,२३७.०० |
| ८५ | सरिता महर्जन, नकबही | ५,२२२.०० |
| ८६ | ज्ञानीशोभा महर्जन, गाःहिती | ५,२२२.०० |
| ८७ | विन्द्रा राजकर्णिकार, जाउलाखेल | ५,२००.०० |
| ८८ | लजगा पुचः, गोफल | ५,१११.०० |
| ८९ | बैजु रजक, धोबिघाट | ५,१०१.०० |
| ९० | स्व. मंगललाल महर्जन, नटोल | ५,१००.१८ |
| ९१ | स्टाण्डर सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि. | ५,१००.०० |
| ९२ | दियालो बचत तथा ऋण सहकारी संस्था लि., न्यूरोड | ५,१००.०० |
| ९३ | राजेन्द्र भक्त प्रधानाङ्ग, भक्तपुर | ५,१००.०० |
| ९४ | स्व॰ रामचन्द्र लाखें, मंगलबजार | ५,१००.०० |
| ९५ | श्रीकुमार महर्जन, पाँगा | ५,१००.०० |
| ९६ | गोफल पलाञ्चोक भगवती बचत तथा ऋण सहकारी लि., गोफल | ५,०६४.०० |
| ९७ | युथ कर्नर क्लब, गोफल | ५,०३२.०० |
| ९८ | विद्या शाक्य, धरान | ५,०२५.०० |
| ९९ | चक्र मेहर बज्राचार्य, नःटोल | ५,००९.०० |
| १०० | ओरेण्टल को-अपरेटिभ लिमिटेड, मैतिदेवी | ५,००५.०० |
| १०१ | श्री पद्मावती बचत तथा ऋण सहकारी संस्था लि., नःबहाल | ५,००५.०० |
| १०२ | कृष्ण लक्ष्मी बाराही, कुटि सौगल | ५,००५.०० |
| १०३ | पूर्ण मान श्रेष्ठ, तेङ्गल | ५,००५.०० |
| १०४ | नली मिसा पुचः, गोफल | ५,००१.०० |
| १०५ | चन्द्रबहादुर मधिकर्मी, गोफल | ५,०००.०० |
| १०६ | गंगादेवी राजबैद्य, कालीमाटी | ५,०००.०० |
| १०७ | मुकुन्द विष्ट, ज्वागल | ५,०००.०० |
| १०८ | स्व. रमा स्थापित, फसिकेब | ५,०००.०० |
| १०९ | माई ओगावा, जापान | ५,०००.०० |
| ११० | कृष्ण जोशी, धोबीघाट | ५,०००.०० |
| १११ | फ्रान्सिस् किजल, क्यानडा | ५,०००.०० |
| ११२ | सासा मुलर, जर्मन | ५,०००.०० |
| ११३ | नारायण प्रसाद भट्टराई, लुमन्ती | ५,०००.०० |
| ११४ | अनिता शाह, धरान | ५,०००.०० |
| ११५ | श्री गणेश बहुउद्देश्यीय सहकारी संस्था लि., सौगल | ५,०००.०० |
| ११६ | रेजिना जोशी, नागबहाल | ५,०००.०० |
| ११७ | पूर्ण प्रधान, वटु | ५,०००.०० |
| ११८ | ओसियन महर्जन, छाःबहाल | ५,०००.०० |
| ११९ | आपुलाल महर्जन, चाकुपाट | ५,०००.०० |
| १२० | चिरिबाबु महर्जन, चाकुपाट | ५,०००.०० |
| १२१ | तारा श्रेष्ठ, कालिकास्थान | ५,०००.०० |
| १२२ | त्रिरत्न मानन्धर, चसाण्डो | ५,०००.०० |
| १२३ | जेम्स डंगोल, गोफल | ५,०००.०० |
| १२४ | सुरेश मरघरी, नुवाकोट | ५,०००.०० |
| १२५ | शर्मिला डंगोल, सानेपा | ५,०००.०० |
| १२६ | सुबिता नकर्मी , कालीमाटी कुलेश्वर | ३,५००.०० |
| १२७ | गाम्चा मिसा पुचः गाम्चा | ३,३००.०० |

| | | |
|---|---|---|
| १२८ | स्व. तुलसीमाया महर्जन, न्यूबहाल | ३,०१०.०० |
| १२९ | विश्वनाथ खत्री, | ३,०००.०० |
| १३० | बुद्धदेवि लिम्बु, पाटन | २,२००.०० |
| १३१ | सरला श्रेष्ठ, चावहिल | २,००१.०० |
| १३२ | मनकर्णिका तुलाधर, असन | २,०००.०० |
| १३३ | अन्जना मास्के (श्रेष्ठ) | २,०००.०० |
| १३४ | योकोमात्सु (Yokomatsu) | १,७५०.०० |
| १३५ | शिलु प्रधान, ज्यावाहाल | १,५००.०० |
| १३६ | P.H.D. Foundation | १,३०५.०० |
| १३७ | राम डंगोल, थेचो | १,२७५.०० |
| १३८ | यंगाल क्लब, यंगाल | १,१११.०० |
| १३९ | बिमला बिष्ट, चम्पादेवी, किर्तिपुर | १,०११.०० |
| १४० | रेणु लामा, ताहाचल | १,०००.०० |
| १४१ | राम कुमारी श्रेष्ठ, किर्तिपुर | १,०००.०० |
| १४२ | राधिका श्रेष्ठ | १,०००.०० |
| १४३ | मदनराज महर्जन | १,०००.०० |
| १४४ | करेन बार्कले | १,०००.०० |
| १४५ | शान्ती महर्जन, | १,०००.०० |
| १४६ | कान्छी श्रेष्ठ, गोफल | ५००.०० |
| १४७ | शारदा श्रेष्ठ, गोफल | ५००.०० |
| १४८ | शान्तमाया मानन्धर, न्यूरोड | १०५.०० |
| | **जम्मा नगद रु.** | ३,५८१,२९२.८६ |
| | **जिन्सी सहयोग :** | |
| १४९ | सिताराम हाच्छेथु, ट्राफिक प्रहरी | बालुवा एक ट्रिप |
| १५० | चिन महर्जन, मिखा बहाल | २६ बोरा सिमेन्ट |
| १५१ | बसन्तलाल महर्जन, तीनथाना | १००० वटा ईटा |
| १५२ | नेपा टप, सामाखुसी | १००० लि. ट्याङकि १ |
| १५३ | किसलाल महर्जन, ग:छें | १००० वटा ईटा |

## भवन निर्माणबाट सिकाई

सधैजसो सबैजसो मानिसहरू भन्ने गर्छन् काम त गर्न मन लाग्छ तर पैसा छैन । यो काम गर्न त सकिने हो तर पैसा छैन । शुरुमा हामी "सुप"का सदस्यहरूलाई पनि त्यस्तै लाग्थ्यो "सुप"को आफनै भवन भई दिए कति जाति हुन्थ्यो तर पैसा छैन । वास्तवमा कुनै पनि काम गर्दा काम भन्दा पनि गतिलो योजना हुनुपर्दो रहेछ योजना अनुसार इमान्दारी पूर्वक कामगर्ने हो भने पैसा विस्तारै आउँदो रहेछ। शुरुमा भवन बनाउने कुरा चल्दै गर्दा दाता गणेश कुमारी अमात्यबाट रु. पाँचलाख राखी दिन्छु शुरु गर्नु भनेपछि हामीलाई हौसला बढ्यो काम गर्न जाँगर चल्यो। भवन निमार्ण गर्ने योजना अनुसार अघि बढ्यौं र कसरी कोष वृद्धि गर्ने भन्ने कुरामा सोच हुन थाल्यो । आफूले दिने रकम संकल्प गरी किस्ताबन्दीमा दिदै सहयोग गर्न सकिने भन्ने योजना अघि सार्‍यौं । "सुप"को १७ औं वार्षिक साधारण सभामा यसै योजनालाई लिएर काम गर्दा हामीलाई धरै राम्रो भयो उक्त साधारण सभामा नै सहयोग गर्ने प्रतिबद्धता धमाधम आउन थाल्यो। पहिलो वर्षमा नै लक्ष्य भन्दा निकै बढी सहयोग रकम संकलन भएपछि शुरुमा भूँईतल्ला मात्र बनाउने योजना भएतापनि सबै सहयोगी दाताहरूको सद्‌भावबाट हामीलाई ठूलो उत्साह जाग्यो र हामी साढे दुई तल्ला बनाउन सफल भयौं । अत: काम गर्न पैसा भन्दा पनि कामप्रतिको प्रतिवद्धता र सुनियोजित योजना नै काम सफलतापूर्वक सम्पन्न गराउने सिँढी रहेछ भन्ने सिकाई हामीलाई भएकोछ।

पुन: एकपटक "सुप"ले गरेको कामलाई माया दिने, आफूले सकेको सहयोग गर्ने र काम गर्नेहरूलाई हौसला दिने भवन निर्माण कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले सहयोग पुर्‍याउने सहयोगी सदस्यहरू, "सुप" सदस्यहरू लगायत अन्य सबैलाई "सुप" कार्य समिति परिवार हार्दिक कृतज्ञता प्रकट गर्दै आभार अनि धन्यवाद ज्ञापन गर्दछ।

### भवन निर्माण समितिका पदाधिकारीहरू

| | | |
|---|---|---|
| संयोजक | - | गुजेश्वरी श्रेष्ठ |
| उप संयोजक | - | श्रीकृष्ण महर्जन |
| सदस्य | - | कदमलाल महर्जन |
| " | - | सानुमैया महर्जन |
| " | - | भूषण सागर श्रेष्ठ |
| " | - | विजय मल्ल |
| " | - | इन्द्रमुनि शाक्य |
| " | - | बलराम महर्जन |


२०७२ सालको शुभ-विजया दशमी,
ने.सं. ११३६ तथा
शुभ दिपावली को उपलक्ष्यमा
सम्पूर्ण "सुप" संस्थाका हितैषी,
सहयोगी सदस्यहरू तथा विभिन्न संघ-संस्थाहरूमा
हार्दिक मंगलमय शुभ-कामना ।

शहरी गरीवहरूको लागि समाज "सुप" परिवार

## शहरी गरीवहरूको लागि समाज



गुजेश्वरी श्रेष्ठ
संस्थापक तथा संरक्षक

## सञ्चालक समितिका पदाधिकारीहरू (वि.सं. २०७१ देखि वि.सं. २०७३ सम्म)



महेन्द्र शाक्य
अध्यक्ष



पूर्णबहादुर महर्जन
नि. वर्तमान अध्यक्ष



विजय मल्ल
उपाध्यक्ष



इन्द्रमुनि शाक्य
सचिव



श्रीकृष्ण महर्जन
कोषाध्यक्ष



सानुमैया महर्जन
सदस्य



बलराम महर्जन
सदस्य



ज्ञानबज्र महर्जन
सदस्य



अञ्जना मास्के
सदस्य



सविना महर्जन
सदस्य

## सहयोगी सदस्यहरूको फोटो परिचय



शारदा बज्राचार्य




युवराज बज्राचार्य



सुष्मा बज्राचार्य



अजेलिया रण्जीतकार



Wilma Mohr



सीमा सुबेदी



सुधीर श्रेष्ठ



Sanae Ito



Job de Zeeuw



Sanna Sutter

शहरी गरीवहरूको लागि समाज, साँचल-२, सानेपा, ललितपुर | फोन नं. ५५४५४६८ | Email : soup1992@gmail.com | पो.ब.नं. ७५०८, काठमाडौं